जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३३ अंक २२३ २०८० साल चैत २७ गते मंगलबार (9 Apr. 2024 Tuesday) मूल्य रु. ५/-

सामाजिक संजालको प्रयोग गर्दा सावधानी अपनाऔं, सामाजिक मर्यादाको ख्याल गरौं ।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : मिथिला पेन्टिङ, घुम्टोदेखि. ३ पृष्ठमा : ३८ वर्षमा एक सय नौ गैंडा स्थानान्तरण. ३ पृष्ठमा : गुगलले सूर्यग्रहणलाई

## खानेपानी समस्या समाधानका लागि तत्कालिन र दिर्घकालिन योजना आवश्यक : मुख्यमन्त्री यादव




**दैनिक समाचारदाता**
**जनकपुर, २६ चैत ।**

मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले मधेशको दक्षिणी भु-भागमा केही बर्ष यता पानीको सतह घटेपछी सुख्खा याममा खानेपानीको हाहाकार हुँदै आएकोले सो समस्या समाधानका लागि तत्कालिन र दीर्घकालीन योजना बनाएर अघि बढनु पर्ने बताएका छन् । उनले दुबै खाले योजनालाई अगाडि बढाउन संघिय सरकारलाई आग्रह समेत गरे ।

संघीय खानेपानी तथा ढल निकासी बिभागद्वारा सोमबार धनुषाको लालगढमा आयोजित मधेश प्रदेशका लागि गुणस्तरयुक्त थोक खानेपानी बितरण सम्बन्धि परामर्श गोष्ठीमा मुख्यमन्त्री यादवले सो कुरा बताएका हुन् ।

संघीय सरकारले सुनकोशी मरिन डाईभर्सनको पानीमध्ये केही पानीलाई प्रशोधन गरि मधेशका

*बाँकी तीन पृष्ठमा*

## छुरा प्रहार गरि युवकको हत्या

**दैनिक समाचारदाता**
**जनकपुर, २६ चैत ।**

जनकपुरमा सोमबार दिउँसो छुरा प्रहार गरि एक युवकको हत्या भएको छ ।

जनकपुरधाम उपमहा नगरपालिका ४ स्थित विश्वकर्मा चोकमा अन्दाजी २० वर्षीय प्रीन्स महासेठको छुरा प्रहार गरी हत्या भएको प्रहरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय धनुषाका डिएसपी रञ्जन अवाका अनुसार विश्वकर्मा चोकमा तीन/चार जनाको एक समूहबिच झगडा हुँदा महोत्तरीको एकडारा गाउँपालिका घर भएका प्रीन्समाथि छुरा प्रहार भएको हो ।

छुरा प्रहारबाट गम्भीर घाइते प्रीन्स त्यहाँबाट भाग्दै गर्दा बाटोमा लडी बेहोस भएका थिए । सोही अवस्थामा प्रहरीले उनलाई उद्धार गरि प्रादेशिक अस्पताल लैजाँदै गर्दा बाटोमै उनको मृत्यु भएको हो ।

घटनामा संलग्न रहेको आरोपमा प्रहरीले दुई जनालाई नियन्त्रणमा लिएको छ । जनकपुरको शान्तिनगर बस्ने रोशन दास र अर्का ठेगाना खुल्न नसकेको अर्जुन साहलाई अनुसन्धानको लागि पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ ।

## तीन मन्त्रीले दिए राजीनामा

**दैनिक समाचारदाता**
**विराटनगर, २६ चैत ।**

कोशी प्रदेशका तीन जना मन्त्रीले सोमबार सामूहिक राजीनामा दिएका छन् ।

खानेपानी, सिँचाइ तथा ऊर्जामन्त्री नारायणबहादुर मगर, सामाजिक विकासमन्त्री राजेन्द्र कार्की र पर्यटन, वन तथा वातावरणमन्त्री गणेशप्रसाद उप्रेतीले पदबाट राजीनामा दिएका हुन् ।

यसैगरी कोशी प्रदेश सरकारले कोशी प्रदेससभाको पाँचौं अधिवेशन आगामी जेठ ११ गते बिहान ११ बजे बस्ने निर्णय गरेको छ ।

## ८० प्रतिशत विद्यालयमा पाठ्यपुस्तक

भक्तपुर, २६ चैत (रासस) ।

जनक शिक्षा सामग्री केन्द्र लिमिटेडले देशभरका ८० प्रतिशत विद्यालयमा पाठ्यपुस्तक पुगिसकेको जनाएको छ । चैत १३ गतेसम्म कूल एक करोड ७० लाख थान पुस्तक छपाई गरी हालसम्म ८० प्रतिशत पुस्तक बिक्री गरिसकेको केन्द्रका महाप्रबन्धक अनिलकुमार झाले जानकारी दिनुभयो ।

उहाँले सोमबारसम्म ७५ जिल्लामा पुस्तक पुगिसकेको जानकारी दिनुभयो । अनुसार सोमबारदेखि सोलुखुम्बु, बाँकै र बर्दियामा पाठ्यपुस्तक वितरण सुरु भएको छ । कैलालीमा भने भोलिदेखि पुस्तक बिक्री सुरु गरिनेछ । उहाँले यही चैत २८ गतेसम्म सबै जिल्लामा पाठ्यपुस्तक बिक्री वितरण गर्ने गरी काम भइरहेको बताउनुभयो ।

स्थानीय तहले विद्यालयलाई पाठ्यपुस्तकको रकम निकासा नगर्दा पाठ्यपुस्तक बिक्रीमा केही ढिलाइ भएको उहाँको भनाइ छ । उहाँले सोलुखुम्बुका स्थानीय तहलाई पत्राचार गरेको १० दिनपछि सोमबार रकम निकासा भएको बताउनुभयो । दुर्गम जिल्लाका विद्यालयमा पाठ्यपुस्तक वितरणपछि काठमाडौं उपत्यकामा सुरु गरिने उहाँको भनाइ छ ।

## महादेवामा निशुल्क आयुर्वेद तथा योग शिविर सम्पन्न



**दैनिक समाचारदाता**
**राजविराज, २६ चैत ।**

सप्तरीको महादेवा गाउँपालिकास्थित भगवतपुरमा निशुल्क आयुर्वेद तथा योग शिविर सोमवार सम्पन्न भएको छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय स्वास्थ्य निर्देशनालय मधेस प्रदेसको आयोजना तथा महादेवा गाउँपालिकाको सहयोगमा शिविर सम्पन्न भएको हो ।

शिविरमा ग्याष्टिक, बाथरोग, उदर रोग, छातीको रोग, स्त्री रोग, मुत्र रोग, पथरी, जण्डिस, मधुमेह, बाबासीर, भगन्दर, बाल रोगलगायत रोगको उपचार गर्नुका साथै योग सेवा, ल्याब जाँच बिशेषज्ञ चिकित्सकहरुद्वारा स्वास्थ्य उपचार गरिएको थियो ।

शिविरबाट सयौं व्यक्तिले स्वास्थ्य लाभ पाएको स्वास्थ्य शाखा प्रमुख ललितकुमार यादवले जानकारी दिए ।

महादेवा गाउँपालिकाका अध्यक्ष सुनिल कुमार मंडलको अध्यक्षता तथा मधेश प्रदेशका स्वास्थ्य राज्य मन्त्री केशव रायको प्रमुख आतिथ्यमा आयोजित कार्यक्रममा उपाध्यक्ष अर्चनाकुमारी यादव, प्रमुख प्रशासकिय अधिकृत रामलखन यादव, डा.राजीवकुमार झा, देवकान्त झा, वडाध्यक्षहरू जयश्वर किशोर दास, जागेश्वर इसर, रामकुमार यादव, हरेराम मण्डल, गजेन्द्र मण्डल, डा.शिवनारायण गुप्ता, डा.नन्दकिशोर कुशवाहा, डा.मिथलेश साह, डा.सतिश यादव, डा.सिमा झा, डा.देवनारायण साह, वृहस्पति राम लगायतले सहभागिता रहेको थियो ।

**भर्ना खुल्यो । भर्ना खुल्यो ॥ भर्ना खुल्यो ॥।**

Wisdom School
Rajbiraj 2, (Near Rajdevi Mandir)
**Play Group to Class 9**
**"गुणस्तरिय शिक्षा हाम्रो प्रतिबद्धता"**

**हाम्रो विशेषताहरु**

- दक्ष तथा अनुभवी शिक्षक शिक्षिकाबाट पठनपाठन गराइन्छ।
- कम्प्युटर ल्याबको व्यवस्था भएको।
- विज्ञान प्रयोगशालाको व्यवस्था भएको।
- CC Camera को निगरानीमा पठनपाठन गराइन्छ।
- Monthly Test को व्यवस्था भएको।

**सम्पर्क फोन नं. ०३१-५९०१९२**
**मोवाइल नं. ९८१२०२२१३५ (प्रिन्सिपल)**
**मो. नं. ९८०४७२६१९२, ९८४२८२३२७१**

हावाहुरीबाट जोगिने उपायहरु

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।

हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

# खेलकुद गतिविधि बढाउन ठोस नीति बनाउ

सप्तरी जिल्ला खेलकुद गतिविधिमा निकै नै महत्व राख्ने जिल्ला हो । यस जिल्लाबाट सयौं उत्कृष्ट खेलाडीहरु उत्पादन भएका छन् । क्रिकेट, फुटवल, भारोत्तोलन लगायतका खेलहरुका उर्जावान खेलाडीहरु उत्पादन भए । यहाँबाट सबै भन्दा बढी क्रिकेट र भारोत्तोलन खेलाडीहरु उत्पादन भएका छन् । अहिले पनि भारोत्तोलन खेलमा विभिन्न विभागिय टिमहरुबाट यसै जिल्लाका खेलाडीहरु खेलिरहेका छन् । वर्तमान अवस्थामा ती खेलाडीहरु मासिक सेवा सुविधाका साथ प्रहरी, सेना र सशस्त्र प्रहरीको टिमबाट खेलिरहेका छन् । यस बाहेक जिल्लाबाट राष्ट्रिय तथा अन्तराष्ट्रिय किर्तिमानी क्रिकेट खेलाडीहरु समेत उत्पादन भएका छन् ।

खेलाडीहरु उत्पादन त भए तर, उनीहरुले समयमा उचित सम्वर्द्धन र संरक्षण नपाएकोले धेरै दिनसम्म सो क्षेत्रमा टिक्न सकेनन् । जिल्लाको खेलकुद गतिविधीमा हाल केही तिब्रता आएपनि लक्ष्य अनुसारको गतिविधी गर्न असमर्थ छ । खेलकुदका लागि योग्य मैदान र सामाग्रिको अभावमा खेलकुद गतिविधीमा सुधार आउन सकेको छैन् । सरोकारवाला निकायको उदासिनता र राजनीतिक दलहरुको गैरजिम्मेवारी भूमिकाका कारण यो क्षेत्र भरपर्दो बन्न सकेन् । कुनै पनि खेलका लागि स्थानिय पालिकाहरुले वार्षिक बजेट बिनियोजन गर्न सकेका छैनन् ।

जिल्लामा खेलकुद गतिविधिमा तिब्रता ल्याउन यहाँका सम्पूर्ण सरोकारवाला निकायको एक मत हुनु आवश्यक छ । तसर्थ यसका लागि खेलकुदसँग आवद्ध सम्पूर्ण निकायले दिर्घकालिन योजना बनाएर सामुहिक छलफल गरि खेलकुदलाई अगाडी बढाउन एउटा ठोस नीति बनाउनु उत्तिकै आवश्यक छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# 'मिथिला पेन्टिङ, घुम्टोदेखि अमेरिकासम्म'

**टीकाराम सुनार र चन्द्रदेव साह**
जनकपुरधाम, २६ चैत (रासस) ।

विसं २०४३ तिरको कुरा थियो । मधेसको बन्द समाज । महिलाहरूलाई घरको चौघेरा नाघेर बाहिर निस्किन सजिलो थिएन । समाजका मूल्यमान्यता, परिवारका इज्जत प्रतिष्ठाका भारी सकिनसकी बोकेर हर्किंदै हुनुहुन्थ्यो जनकपुरधामकी मञ्जुला ठाकुर । खुसी के हो ? समाज के हो ? जिम्मेवारी के हो ? भनेर प्रष्ट छुट्याउन सक्ने अवस्थै बनेको थिएन । त्यहींबेला १२ वर्षकै उमेरमा उहाँको विवाह भयो । समय त्यस्तै थियो, कलिलो काँधमा असाधारण जिम्मेवारीको भारी थपिएपछि सकिनसकी माइतीको इज्जत र पोइलीघरको जिम्मेवारी धान्नैपर्ने भयो ।

"कलिलै उमेरमा जिम्मेवारी थपियो । जानेको केही थिइनँ । त्यो समय र आफ्नो जीवन नै बोझ लाग्दै थियो । के गर्ने, के नगर्ने छुट्याउने उमेर पनि त भएको थिएन नि ! तर पनि बाँच्नु त पर्‍यो", उहाँले त्यो समय सम्झँदै भन्नुभयो ।

मञ्जुलको उमङ्गविहीन त्यो समयलाई रङ्गिन बनाउन आमाले सिकाइदिएको 'पेन्टिङ् कला' रङ भर्ने माध्यम बन्यो । जीवनमा रङ भर्ने माध्यम मात्रै बनेन स्वावलम्बनको आधार र घरमा बसेर आश्रित जीवन बाँचिरहेका अरु नारीहरूलाई सङ्गठित गर्ने आधार पनि बन्यो । २०४८ सालको समय हुँदो हो, महिना त ठ्याक्कै भन्न सक्नुभएन उहाँले । अर्धघुम्टोमा घरको चौघेरा नाघेर निस्किएको वर्ष थियो त्यो ।

"केही समय घरमै बसेर आफ्नो कलालाई निखारेँ । पछि २०४८ सालतिर घरबाट समाजमा निस्किएँ । त्यो बेला महिलालाई घरबाट निस्किनै समस्या थियो । मलाई पनि सुरुमा त्यस्तै भयो । तर हिम्मत हारिन । बिहे, चाडपर्वको बेला घरघरमा गएर वाल पेन्टिङ् गर्न थाल्यौं", मञ्जुलाले त्यो समय सम्झनुभयो,"सुरुमा गाह्रो भयो । गाउँघरको मान्छे कुरा काट्थे । कता जान्छ ? के गर्छ ? अरुसँग किन हिँड्छ ? जस्ता अनेक लाञ्छनासहितका प्रश्नले उडाउँथे । तर त्यसको कुनै प्रवाह गरिनँ", उहाँले सुनाउनुभयो ।

समय परिवर्तन हुँदै गयो । काम गर्दै जाँदा पैसा आउन थाल्यो । आयआर्जन भएपछि घरका समस्याहरू टार्न सहज भयो । गृहिणीको पहिचान कलाकर्मीमा बदलियो । त्यसपछि परिवारबाट समेत थप साथ पाउन थाल्नुभयो उहाँले । त्यसपछि त मञ्जुलाको समय, दिनचर्या नै बदलियो । अर्थोपार्जन भयो । समाजको भरोसा थपियो । अर्धघुम्टो पूरै उघार्ने अवस्था बन्यो ।

मञ्जुला भन्नुहुन्छ, "मैले आफू मात्रै होइन, घरघरमा सीमित रहेका र घुम्टोसमेत उघार्न नचाहने महिलाहरूलाई आफ्नो अभियानमा जोड्न भूमिका खेले, जसका कारण अरु थुप्रै दिदीबहिनीलाई आर्थिक रूपले सबल बनाउन निकै सहयोग पुगेको छ । आर्थिक रूपले सबल हुनु भनेको महिलाको आत्मसम्मान र प्रतिष्ठासमेत बढ्नु हो नि !"

कुनैबेला यस्तो समय आयो कि मञ्जुलालाई भ्याइनभ्याई भयो । आफ्नै समाजका चौकचौतारा, बजार, गल्लीहरूमा जानसमेत नपाउने जनकपुरकी एक महिला मञ्जुला पाँच पटक त धेरैले सपनाको देश भनिने अमेरिका पुग्नुभयो । त्यो क्षण सम्झँदै उहाँ भन्नुहुन्छ,"त्यसबेलाको मधेशी समाजकी एउटा बुहारी, छोरी, श्रीमती, दिदीबहिनीलाई हेर्ने दृष्टिकोण सम्झिदा पनि नमीठो लाग्छ । मैले संस्कारको नाममा छोपिएको घुम्टो उघार्ने हिम्मत नगरेको भए सोमबार यहाँ पुग्थिन होला । घुम्टोदेखि अमेरिकासम्मको त्यो चक्र सम्झिदा रोमाञ्चित पनि हुन्छु र दुःखी पनि । अहिलेको नयाँ पुस्ताका छोरी बुहारीलाई त धेरै सहज छ । अब उहाँहरू अगाडि आउनुपर्छ । त्यसमा सरकारले पनि सहयोग गर्नुपर्छ ।"

मञ्जुलाको कुरा सुन्दा २६ वर्षअघिको मधेशको मुस्लिम समाजको याद आउँछ । त्यसमा पनि श्रीमान गुमाएकी एउटा नारीको अवस्था । तर त्यसलाई चिरेर अगाडि बढ्नुभयो जनकपुरधाम उपमहानगरपालिका–४ शान्तिनगरकी मुन्नी खातुन । छ छोरी र एक छोराकी आमा मुन्निको जीवनमा एकाएक बज्रपात भयो । २७ वर्षअघि श्रीमान बित्नुभयो ।

एक्लो ज्यान भए त जेनतेन जीवन चल्थ्यो होला तर उहाँमाथि ती सबै लालाबालाको पालनपोषण गर्ने जिम्मेवारी आइलाग्यो । विकल्पहरू केही थिएनन् । "हिम्मत हार्नु हुँदैन रहेछ, अल्लाहले विकल्प दिइहाल्दा रहेछन् ! घरमा सामान्य सिकेको पेन्टिङ कलालाई जीविकोपार्जनको आधार बनाउने सोच आयो । मेरो सीपलाई निखार्ने अवसर भने केही समयअघि खुलेको नारी विकास केन्द्रले दियो", खातुनले भन्नुभयो,"धन्न त्योबेला छ सात सयमा परिवार चल्थ्यो । अहिले त जति पैसा भए पनि पुग्दैन । त्यसमा पनि पेन्टिङ्को कुनै मूल्य नै छैनजस्तो लाग्छ ।"

खातुनले यहीँ पेशाबाट घरपरिवारको लालनपालनदेखि छोराछोरीको विहेसम्म गरिदिएको सुनाउनुभयो । उहाँ भन्नुहुन्छ,"हो, पेन्टिङबाटै यो सबै सम्भव भएको हो । यदि यो सीप नभएको भए मैले सात छोराछोरीसहितको परिवार कसरी पालनपोषण गर्थे होला ? यही चित्रकलाबाट घरबार चल्यो, छोराछोरीको विवाह गरियो ।"

जनकपुरधाम-१० देवीचोककी सीतादेवी कर्णलाई पनि मिथिला चित्रकलाले नाम, दाम र प्रतिष्ठा सबै दियो । यहीं कलाले उहाँलाई बेल्जियम, अमेरिका, काठमाडौंलगायत भारतका विभिन्न ठाउँमा गएर आफ्नो कला प्रदर्शन गर्ने अवसर दियो । त्यसबाट आएको पैसाले परिवारको लालनपालनमा सहयोग पुग्यो । "म तीस वर्षदेखि यहीँ काम गरिरहेकी छु । गाह्रो अप्ठ्यारो त जुनसुकै पेशामा हुन्छ नै । तर यहीँ पेसाले मजस्ता तमाम नारीलाई नयाँ पहिचान दियो । देश दुनियाँ हेर्ने अवसर दियो", उहाँ भन्नुहुन्छ, "आफ्नो जीवन र आँखाको ज्योति रहेसम्म यो कलामा समर्पित हुने चाहना छ । अब नयाँ पुस्तालाई यो क्षेत्रमा अगाडि बढ्नका लागि आफ्नो तर्फबाट सक्दो सन्देश फैलाउन योजना छ ।"

कर्णलाई मिथिला चित्रकलाप्रतिको लगाव भने उहाँकी आमाले जागृत गराउनुभएको हो । त्यसलाई निखार्ने अवसर भने जनकपुर नारी विकास केन्द्रले दिएको हो । "म बच्चादेखि नै यो कलामा लागेको हो । मेरो आमाले चाडपर्वमा गोबर, चामलको पिठोबाट परम्परागत चित्रकला बनाउनुहुन्थ्यो । त्यहींबेलादेखि चित्रकला सिक्ने भोक जोगको हो । नारी विकास केन्द्रले त्यसलाई निखार्न अभिप्रेरित गर्‍यो । त्यसको प्रस्थानबिन्दु भने २०५० साल थियो", कर्णले भन्नुभयो ।

सो संस्थाले त्यस वर्ष ६३ जनालाई सहभागी गराएर चित्रकला प्रदर्शनीसहित अन्तर्वार्ता लिँदा त्यसबाट उत्कृष्ट प्रतिस्पर्धीका रूपमा छनोट भएर काम सुरू गरेको कर्णले जानकारी दिनुभयो । त्यसपछि नै उहाँको व्यावसायिक जीवन सुरू भएको हो । उहाँले छ महिनामै शाखाको व्यवस्थापक र मास्टर आर्टिस्ट, पछि संस्थाको सचिव, कोषाध्यक्ष र अध्यक्ष हुँदै २२ वर्षसम्म त्यहाँ काम गरेको स्मरण गर्नुभयो । उहाँ नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानको प्राज्ञ सदस्य पनि बन्नुभयो ।

जनकपुरधाम-१० निवासी सुलोचना कर्णले पनि विगत ३० वर्षदेखि मिथिला चित्रकला कोर्दै आउनुभएको छ । निर्जिव वस्तुमा कोर्ने यहीं चित्रकलाले आफ्नो जीवनलाई नै जिवन्त बनाइदिएको उहाँको बुझाई छ । "यहीं काम गरेर आफ्नो पहिचान बनाए । थोरै भए पनि यो कामबाट आर्जेको पैसाले घरपरिवार चलाउन योगदान पुग्यो । यो भन्नुको अर्थ त्यसले मलाई स्वावलम्बी, आत्मनिर्भर र प्रतिष्ठित जीवन बाँच्नका लागि जीवनमै रङ भरिदियो", उहाँले रासससँग भन्नुभयो ।

अरुणा हिङमाङ अहिले नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानको प्राज्ञ सदस्य हुनुहुन्छ । प्रतिष्ठानको हस्तकला विभाग प्रमुख तथा मधेस प्रदेश समन्वय समिति संयोजकसमेत रहनुभएका उहाँ मिथिला चित्रकलामार्फत समाज परिवर्तन, विद्रोह, समाजका सुसुप्त आवाज, नारी समानताको वकालत गर्ने नारीवादी चित्रकारका रुपमा चिनिनुहुन्छ ।

हिङमाङ यहीँ कारणले आफूलाई प्रतिष्ठित संस्थाको प्राज्ञ बनाएको बताउनुहुन्छ । "चित्रकला भनेको सौन्दर्य र सजावटका लागि मात्रै होइन यो समाज परिवर्तनका लागि आवाज उठाउने शसक्त माध्यम पनि हो । मिथिला चित्रकला त यहाँका सीमान्त नारीहरूमा सुसुप्तरूपमा रहेको बिद्रोहको चेतनालाई प्रस्फुटित गर्दै आर्थिक, सामाजिक र नेतृत्व क्षमता विकासमा टेवा पुर्‍याउने आधार पनि हो", हिङमाङ भन्नुहुन्छ ।

ललितकलाले पनि अनुसन्धान, सिर्जना र सम्मानका खातिर काम गर्दै आएको र आफ्नो उपस्थितिपछि मधेशका चित्रकारहरूलाई लक्षित गरी विभिन्न कार्यक्रम गरिरहेको बताउनुभयो । "यहाँको कलालाई थप प्रवर्द्धन गर्न पहिलोपटक (यही चैत २ देखि ५ गतेसम्म) ललितकला प्रदर्शनी सम्पन्न गरेका छौँ । त्यसले यहाँका प्रतिभाहरूको सिर्जनाको सम्मान र नारीहरूलाई थप क्रियाशील हुन सहयोग गरेको छ । आगामी दिनमा पनि थप कार्यक्रम ल्याएर यहाँका महिलाहरूलाई आर्थिकरूपमा टेवा पुग्ने गरी सीप निखार्ने खालका कार्यक्रम ल्याउने योजना छ", उहाँले भन्नुभयो ।

हुन त मिथिला चित्रकला मिथिलाञ्चलको पहिचान, कला, संस्कृति, भाषा, साहित्यको त्रिवेणी हो । त्यसैले यहाँका हरेक नारीहरू कुनै न कुनै रूपमा यो सीपसँग परिचित छन् । त्रेता युगमा मिथिला नरेश रामलाई जनकपुरमा स्वागत गर्न राजा जनकले यहाँका भित्ताभित्तामा मिथिला चित्र बनाउन लगाएको किंवदन्तीबाट सुरुभएको यो मौलिक सभ्यातालाई विशेषगरी यहाँका तिनै नारीहरूले धानिरहेका छन् ।

शदिऔंदेखि सामान्यतः बिहे, व्रतबन्ध, चाडपर्वमा घरआँगन रङ्गाउन प्रयोग हुने यो कला महिलाले आफ्नो मनोभाव चित्रमार्फत व्यक्त गर्ने एक माध्यमका रूपमा मात्रै सीमित थियो । विसं २०५० पछि भने महिला स्वतन्त्रता, सम्मान र स्वावलम्बनका लागि बलियो आधार बनेको छ । त्यसको ठूलो श्रेय नारी विकास केन्द्रलाई जान्छ । विगतमा मिथिला क्षेत्रको सिङ्गो लोकगाथा, सभ्यता र मधेशको जीवन बोक्दै आएको यो कलाले पछिल्लो समय यहाँका नारीहरूको आर्थिक जीवनलाई पनि उचाल्न सघाउ पुगेको छ ।

"घुम्टो उघारेर अमेरिकासम्म पुग्ने । आर्थिक स्रोतमा बलियो पकड जमाउने र निर्भिकतापूर्वक स्वतन्त्र जीवन बाँच्ने आधारका रूपमा मिथिला चित्रकलालाई लिन सकिन्छ", मिथिला चित्रकलालाई आधुनिक स्वरूप दिन योगदान दिनुभएका डा. राजेन्द्र विमल भन्नुहुन्छ,"मिथिला चित्रकला यहाँको भाषा, कला, साहित्य र संस्कृतिको संगम हो । यसले मैथिल सभ्यता बोल्छ । यहाँको लोकजीवन बोक्छ । नारी हृदयबाट प्रस्फुटित आत्मिक भाव र रुपलाई शब्दचित्रमा ओकेल्छ ।"

यसलाई थप सशक्त र व्यवस्थित बनाउने कार्यको सुरूवात भने नारी विकास केन्द्रको स्थापनापछि भएको डा. विमलको पनि भनाइ छ । "मिथिला चित्रकला यहाँका नारी, समाज र लोकआस्थालाई छुट्याउन सकिँदैन । त्यसैले यहाँका नारीहरू कुनै न कुनै रूपमा यससँग परिचित नै छन् । तर त्यसलाई व्यावसायिक बनाउने र जीविकोपार्जनको सशक्त आधार तय गर्ने कामचाहिँ त्यहीं केन्द्रले गरेको हो ।"

जनकपुर नारी विकास केन्द्रका व्यवस्थापक अभिवन अंशु नारी सशक्तीकरण र आत्मनिर्भरताका लागि यहाँका नारीमा रहेको कलालाई निखार्न केन्द्रले ठूलो सहयोग गरेको बताउनुहुन्छ । विशेषगरी नेपाली मिथिला क्षेत्रमा सीमित चित्रकलालाई विश्व जगतमा फैलाउन र घरमा सीमित रहेर आश्रित जीवन बाँचिरहेका महिलालाई आर्थिक, सामाजिक रूपमा सशक्त बनाउँदै संसार देख्न र बुझ्न यहीँ संस्थाले जग निर्माण गरिदिएको उहाँको भनाइ छ ।

"मैथिल नारीहरूसँग केही न केही सीप छ । तर त्यसमा निखार र प्रचारको अभाव थियो । मिथिला चित्रकला, हस्तकला, सिलाइ र छपाइका सामग्रीमा सुन्दरता भरेर आर्थिक, सामाजिक र मनोवैज्ञानिक हिसाबले महिलालाई सशक्तीकरण गर्न हाम्रा अग्रजहरूले यो संस्था निर्माण गरेका थिए । त्यसको निरन्तरता दिइरहेका छौँ", उहाँ भन्नुहुन्छ,"तर यसलाई समयसापेक्ष विकासका लागि हामीले मात्रै चाहेर धेरै कुरा हुने अवस्था छैन ।" नेपालको मौलिक मिथिला पेन्टिङको माध्यमबाट संसारमा चिनाउने र नारी समानता तथा स्वावलम्बनका लागि महत्वपूर्ण योगदान गर्नसक्ने भएकाले यस क्षेत्रको विकासका लागि सामूहिक पहलकदमी जरुरी छ ।

# ३८ वर्षमा एक सय नौ गैंडा स्थानान्तरण, विभिन्न देशलाई २६ उपहार

**भीष्मराज ओझा**
काठमाडौं, २६ चैत (रासस)।

चितवन राष्ट्रिय निकुञ्ज विश्वमै दुर्लभ एकसिङ्गे गैंडाको बासस्थानका लागि उर्वर क्षेत्रका रुपमा रहेको छ। कूल ९५२.६३ वर्ग किलोमिटर क्षेत्रफल रहेको यस निकुञ्जमा हाल छ सय ९४ वटा गैंडा छन्।

गैंडाको गैंडाको सङ्ख्या बढाउनका लागि तयार गर्ने उद्देश्यले सन् १९८६ देखि २०२३ सम्म चितवन राष्ट्रिय निकुञ्जबाट बर्दिया राष्ट्रिय निकुञ्ज, शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज र कोसीटप्पु वन्यजन्तु आरक्षमा गरी एक सय दुई वटा गैंडा स्थानान्तरण गरिएको राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले जनाएको छ।

थप सात गैंडाको यही चैतमा चितवन निकुञ्ज भित्रै आन्तरिक स्थानान्तरण एवं कोसीटप्पु वन्यजन्तु आरक्षमा स्थानान्तरण गरिएको विभागका सूचना अधिकारी एवं वरिष्ठ इकोलोजिष्ट श्यामकुमार शाहले जानकारी दिनुभयो। उहाँका अनुसार सोही अवधिमा विभिन्न देशलाई २६ गैंडा उपहारस्वरुप प्रदान गरिएको छ।

नेपालले पहिलो पटक सन् १९८५ मा भारतको दुदुवा नेशनल पार्कलाई चार गैंडा उपहारस्वरुप प्रदान गरेको विभागले जनाएको छ। त्यसपछि सन् २०१८ सम्म संयुक्त राज्य अमेरिका, जर्मनी, सिङ्गापुर, बङ्गलादेश, संयुक्त अधिराज्य, जापान, अष्ट्रिया र चीनलाई विभिन्न मितिमा २२ गैंडा उपहारस्वरुप प्रदान गरिसकेको विभागको तथ्याङ्कमा उल्लेख गरिएको छ।

आन्तरिक स्थानान्तरणको सम्भाव्यता अध्ययनअनुसार चितवन राष्ट्रिय निकुञ्जको पश्चिमी क्षेत्रमा गैंडाको घनत्व बढी भई यसको वृद्धि दरमा ह्रास आएको पाइएपछि पछिल्लो समय गैंडाको आन्तरिक एवं कोसीटप्पु वन्यजन्तु आरक्षमा स्थानान्तरण गरिएको निकुञ्ज कार्यालयले जनाएको छ।

उक्त अध्ययनका आधारमा वन तथा वातावरण मन्त्रालय (सचिवस्तर) को गत माघ २४ गतेको निर्णयानुसार निकुञ्जको पश्चिम क्षेत्रबाट पूर्वी क्षेत्रमा छ वटा गैंडा स्थानान्तरण कार्य सम्पन्न भएको छ। स्थानान्तरण कार्य यही चैत २ गतेदेखि प्रारम्भ गरिएको थियो। यस स्थानान्तरणबाट गैंडाको सङ्ख्या वृद्धि दर बढ्नुका साथै उपलब्ध बासस्थानको उच्चतम् प्रयोगमा आउने अपेक्षा राखिएको विभागका इकोलोजिष्ट शाहले बताउनुभयो।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले सम्भाव्यता अध्ययनपश्चात् कोसीटप्पु वन्यजन्तु आरक्षमा 'राइनो सेञ्चुरी'को विकास गर्ने लक्ष्य लिएको छ। उक्त लक्ष्यअनुसार मन्त्रालय (मन्त्रीस्तर) को गत असोज ८ गतेको निर्णयानुसार चितवन राष्ट्रिय निकुञ्जबाट कोसीटप्पुमा दुई पोथी गैंडा (पुष्पा र अञ्जली)लाई गत असोज १० गते विश्वपर्यटन दिवसका अवसरमा स्थानान्तरण गरिएको थियो।

हालैमात्र थप एक भाले गैंडा कोसीटप्पु आरक्षमा स्थानान्तरण गरिए पनि चोट लागेर घाउ भएपछि केही दिनमै उपचारका लागि पुनःचितवनमा फिर्ता ल्याइएको छ। चितवनको कसरामा रहेको उक्त गैंडा उपचारपछि पुनःकोसीटप्पुमा लगिने विभागका सूचना अधिकारी एवं वरिष्ठ इकोलोजिष्ट शाहले जानकारी दिनुभयो।

कोसीटप्पु आरक्षमा 'राइनो सेञ्चुरी'को विकास क्रमसँगै गैंडाको प्रजनन भई दीगो संरक्षण एवं व्यवस्थापन हुने अपेक्षा गरिएको उहाँको भनाइ छ। सो क्षेत्रमा 'राइनो सेञ्चुरी'का लागि आवश्यक पूर्वाधार बनाउँदै जाने र आगामी वर्षमा थप संरचना बनाउने उहाँले बताउनुभयो।

**विश्वमा एकसिङ्गे गैंडाको सङ्ख्या चार हजार**

भारतीय महाद्वीपको उत्तरी क्षेत्रअन्तर्गत बह्मपुत्र, इन्दुस र गङ्गा नदीको बहाव क्षेत्रमा विचरण गर्ने एकसिङ्गे गैंडा हाल नेपालको तराई भूपरिधि क्षेत्र तथा भारतको संरक्षित क्षेत्रमा सीमित हुन पुगेका छन्। विश्वमा करिब चार हजारको सङ्ख्यामा रहेका एकसिङ्गे गैंडा नेपालमा सन् २०२२ को राष्ट्रिय गैंडा गणनाअनुसार चितवन राष्ट्रिय निकुञ्जमा छ सय ९४, बर्दिया राष्ट्रिय निकुञ्ज ३८, शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा १७ र पर्सा राष्ट्रिय निकुञ्जमा तीन गरी सात सय ५२ वटा रहेका विभागले जनाएको छ।

यो प्रजाति आयुसिएनको संवेदनशील वर्गमा, साइटिसको अनुसूची १ मा र नेपालको राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को अनुसूची १ (संरक्षित वन्यजन्तु) मा पर्दछ। गैंडाको खागका लागि हुने चोरी, सिकार, बासस्थानको विनाश एवं ह्रास र जलवायु परिवर्तनको प्रभाव यसको संरक्षणका लागि मुख्य चुनौती देखिएको चितवन राष्ट्रिय निकुञ्ज कार्यालयका वरिष्ठ संरक्षण अधिकृत डिलबहादुर पुर्जा पुनले बताउनुभयो।

उहाँका अनुसार आर्थिक वर्ष २०७९/८० मा मात्र विभिन्न कारणले २६ गैंडाको मृत्यु भएको थियो। सोमध्ये प्राकृतिक कारणले २२, चोरी, सिकार र करेन्ट लागेर दुई/दुई गैंडाको मृत्यु भएको उहाँले जानकारी दिनुभयो।

चालु आवको यही चैत २१ गतेसम्म १९ वटा गैंडाको मृत्यु भएको चितवन राष्ट्रिय निकुञ्जका सूचना अधिकारी गणेशप्रसाद तिवारीले राससलाई जानकारी दिनुभयो। तीमध्ये प्राकृतिक (उमेर पुगेर, बिरामी भएर, बाघको आक्रमणबाट) कारणबाट १५, चोरी, सिकारबाट तीन र अन्य कारणबाट एक गैंडाको मृत्यु भएको थियो।

विश्वसम्पदा सूचीमा सूचीकृत यस निकुञ्जमा एकसिङ्गे गैंडाका साथै पाटेबाघ, गौरीगाई, जङ्गली हात्ती तथा घडियाल गोहीलगायत दुर्लभ वन्यजन्तु पाइन्छन्। जैविक विविधताको धनी यो निकुञ्ज चितवन, पर्सा, मकवानपुर र नवलपरासी (बर्दघाट सुस्तापूर्व) गरी चार जिल्लामा फैलिएको छ। दुर्लभ एकसिङ्गे गैंडा तथा पाटेबाघको मुख्य बासस्थानका रुपमा रहेको यो नेपालको पहिलो निकुञ्ज हो। यस निकुञ्जको स्थापना विसं २०३० असोज ४ गते भएको थियो।

# महासंघको अधिवेशन विधानबमोजिम गर्नुपर्ने प्रेस सेन्टर नेपालको माग

काठमाडौं, २६ चैत (रासस)।

प्रेस सेन्टर नेपालको केन्द्रीय पदाधिकारी बैठकले नेपाल पत्रकार महासङ्घको अधिवेशन विधानबमोजिम तोकिएको समयमा अनिवार्य रूपमा गर्न माग गरेको छ। पत्रकारहरूको साझा संस्था नेपाल पत्रकार महासङ्घको अधिवेशनका विषयमा विभिन्न कोणबाट विषयहरू आइरहेका सन्दर्भमा प्रेस सेन्टर नेपालले सो माग गरेको हो।

प्रेस सेन्टर नेपालको आइतबार राजधानीमा सम्पन्न बैठकमा अध्यक्ष विष्णु सापकोटाले पत्रकार महासङ्घ साझा संस्था भएकाले सहमतिका आधारमा समस्या समाधान गरी अगाडि बढ्न आग्रह गर्नुभयो। बैठकले सदस्यता शुद्धीकरण अभियानलाई विगत साधारणसभाको 'म्यान्डेट'अनुसार नै सम्पन्न गर्नुपर्ने निर्णय गरेको छ।

नेकपा (माओवादी केन्द्र) का उपाध्यक्ष तथा प्रवक्ता अग्नि सापकोटाको प्रमुख उपस्थितिमा सम्पन्न उक्त बैठकले समानुपातिक विज्ञापन नीतिलाई कार्यान्वयन गर्न सरकारसँग आग्रह गर्ने निर्णय गरेको छ। बैठकमा उपाध्यक्ष सापकोटाले तीनै तहका सरकारसँगको समन्वयमा मिडिया बचाउने र पत्रकार टिकाउने योजना निर्माण गर्नुपर्ने बताउनुभयो।

बैठकमा सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले सरकार मिडिया मैत्री रहेको र सञ्चार कानुनहरू निर्माणमा लागिरहेको बताउनुभयो। उहाँले कानुन निर्माणमा र नीति कार्यक्रममा रचनात्मक सुझाव-सल्लाह दिन प्रेस सेन्टरसँग आग्रह गर्नुभयो। उहाँले आमसञ्चार विधेयकमार्फत सञ्चार क्षेत्रमा पुनःसंरचना गर्न लागिएको उल्लेख गर्नुभयो।

बैठकमा प्रेस सेन्टर नेपालका संस्थापक अध्यक्ष महेश्वर दाहाल, प्रधानमन्त्रीका प्रेस सल्लाहकार तथा प्रचार विभाग सचिव गोविन्द आचार्यले सङ्गठनको भावि योजना र नेपाल पत्रकार महासङ्घलगायत साझा सञ्चार संस्थाहरूमा खेल्नुपर्ने भूमिकाका विषयमा प्रशिक्षण दिनुभएको थियो। बैठकले सङ्गठन विस्तार र सुदृढीकरणसहित स्वरोजगार मिडिया, समानुपातिक विज्ञापन नीति कार्यान्वयन तथा सङ्गठनको आन्तरिक पक्षमा महत्वपूर्ण निर्णय लिएको महासचिव सन्तोष पौडेलले जानकारी दिनुभयो।

### *खानेपानी समस्या ...*

६ वटा जिल्लामा खानेपानी आपूर्ति गर्ने नीति लिएकोमा धन्यवाद दिदै मुख्यमन्त्री यादवले भने- 'योजना सराहनीय छ। मधेश सरकार हातेमालो गर्न प्रतिबद्ध छ। यो योजना पूरा हुन धेरै समय लाग्छ। तसर्थ तत्कालीन योजना अघि बढाउन आवश्यक छ। हामी लाई सहयोग गर्नुस। मधेशका चापाकल हरु अहिले नै सुकन थालेका छन्। तत्कालीन योजनाका लागि संघ सरकारलाई आग्रह गर्दछु।

संघिय खानेपानी मन्त्री राजेन्द्र कुमार राईको अध्यक्षतामा भएको उक्त कार्यक्रममा प्रतिनिधि सभा महिला, बालविकास तथा सामाजिक समितिका सभापति किरण साह, पुर्व खानेपानी मन्त्री महेन्द्र राय यादव, मधेश सरकारका उर्जा, खानेपानी तथा सिचाई मन्त्री सिंघासन साह कलवार लगायतका बक्ताहरुले मधेशमा खानेपानी आपूर्तिको अवस्था र अगामि रणनिती बारे आ-आफ्नो धारणा राखेका थिए।

गोष्ठिमा खानेपानी तथा ढल निकास विभागका निर्देशक कमलराज श्रेष्ठले थोक खानेपानी आपूर्ति प्रणाली सम्बन्धि कार्यपत्र प्रस्तुत गरेका थिए। उनले सुन कोशी मरिन डाईभर्सनको पानी मध्ये केही भागलाई प्रशोधन गरेर मधेश प्रदेशको धनुषादेखी पर्सासम्म खानेपानी सप्लाई गरि दिर्घकालिन समाधान गर्न सकिने बताए। सो परियोजनाका लागि ४६ अर्ब २० करोड १० लाख १५ हजार ४ सय ८८ रुपैया लागत अनुमान गरिएको छ।

## विश्व समाचार

### गुगलले सूर्यग्रहणलाई विशेष 'एनिमेसन'को साथ देखाउने

नयाँदिल्ली, २६ चैत (रासस/एएनआई)।

सोमबार चन्द्रमा सूर्य र पृथ्वीको बीचबाट जाँदा सूर्यको प्रकाश पूर्ण रूपमा अवरुद्ध हुने हुँदा सूर्यग्रहण लाग्नेछ।

यस दृश्यलाई गुगलले विशेष एनिमेसन मार्फत देखाउने छ। प्रयोगकर्ताहरूले गुगलमा 'सूर्य ग्रहण' टाइप गरी सूर्य ग्रहणलाई ग्राफिक दृष्यमा देख्न सकिनेछ।

सूर्य चार मिनेटको लागि ढाकिने र यसको बाहिरी तहमा उज्यालो रहने सूर्यग्रहण नेपाल, भारत लगायतका एशियाली मुलुकहरूबाट देख्न सकिने छैन तर कोलम्बिया, स्पेन, भेनेजुएला, आयरल्याण्ड, पोर्टल, आइसल्याण्ड, बेलायत र केही क्यारेबियाली देशहरूबाट खण्डग्रास (आंशिक) ग्रहण देखिनेछ।

अमेरिकी अन्तरिक्ष निकाय (नासा) ले सूर्यग्रहणसम्बन्धी आफ्नो प्रत्यक्ष प्रशारण गर्ने र ५ बजे सुरु हुने उक्त प्रशारण करिब तीन घण्टा जारी रहने बताएको छ।

### मोजाम्बिकमा डुङ्गा दुर्घटना हुँदा ९१ जनाको मृत्यु

मापुतो, मोजाम्बिका, २६ चैत (रासस/सिन्ह्वा)।

मोजाम्बिकको उत्तरी प्रान्त नाम्पुलाको मोजाम्बिक टापु नजिकै आइतबार अत्यधिक भार भएको एक डुङ्गा पल्टिँदा कम्तिमा ९१ जनाको मृत्यु भएको सरकारी रेडियो मोजाम्बिक (आरएम) ले जनाएको छ।

रेडियोका अनुसार दुर्घटनामा ९१ जनाको मृत्यु भएको, ३० जना वेपत्ता रहेका र पाँच जनालाई जिवितै उद्धार गरिएको छ। दुर्घटनामा बालबालिका र महिलासमेतको मृत्यु भएको बताइएको छ। मोसुरिल जिल्लाबाट उडेको जहाजले १३० यात्रु बोकेको नाम्पुला प्रान्तका एक मन्त्री जैमे नेटोले जानकारी गराउनुभयो।

नेटोले आरएमलाई हैजाको प्रकोपको बारेमा गलत सूचनाका कारण आतङ्कित यात्रुहरूले आफ्नो मूल बाटो छोडेर उक्त डुङ्गामा चढेका र दुर्घटनामा परेका बताउनुभएको छ।

दुर्घटनामा परेको डुङ्गा धेरै मानिसहरू चढ्नको लागि नभई माछा मार्ने प्रयोजनको लागि तयार गरिएको भएता पनि हैजाको प्रकोपको बारेमा गलत सूचना आतङ्कका कारण उनीहरू हतारिएर निकै खचाखचरूपमा भरिएको उक्त डुङ्गामा चढेको नेटोले बताउनुभयो। दुर्घटनामा परी बेपत्ता व्यक्तिहरूको खोजी जारी राख्दै दुर्घटनाको अनुसन्धान गर्न अधिकारीहरूले बहुक्षेत्रीय टोली गठन गरेका थिए।

### राष्ट्रिय वित्तीय नीति अपनाउन विश्व बैङ्कद्वारा पाकिस्तानसँग आग्रह

इस्लामाबाद, २६ चैत (रासस/एएनआई)।

पाकिस्तानमा उत्पन्न आर्थिक सङ्कटको बीचमा विश्व बैङ्कले इस्लामाबादलाई सङ्घीय तथा प्रान्तीय खर्चलाई संवैधानिक जनादेशसँग मिलान गरी राष्ट्रिय वित्तीय नीति अपनाउन आग्रह गरेको छ।

सङ्घीय तथा प्रान्तीय राजस्व एकल बिक्री कर (जीएसटी) सङ्कलन एजेन्सीमा विलय गरी अर्को बजेटमा कृषि, पूँजीगत लाभ र अचल सम्पत्तिमा प्रभावकारी रूपमा कर लगाउन आग्रह गरेको छ।

आगामी आर्थिक वर्षको बजेटमा राष्ट्रिय वित्तीय ढाँचाको विकास र कार्यान्वयन सहित सङ्घीय तथा प्रान्तीय वित्तीय उत्तरदायित्व र ऋण सीमा ऐन कार्यान्वयन गर्न विश्व बैङ्कले पछिल्लो नीतिगत सल्लाहमा पाकिस्तानी सरकारलाई सुझाव दिएको छ।

यो प्रस्ताव अर्को अन्तर्राष्ट्रिय मुद्रा कोष कार्यक्रमको हिस्सा बन्ने अपेक्षा गरिएको छ। पाकिस्तानका अर्थमन्त्री मुहम्मद औरङ्गजेबले अर्को हप्ता विश्व बैङ्क र आइएमएफको बैठकमा वाशिङ्टनमा ऋणदातासँग छलफल गर्नुहुनेछ।

बैङ्क, महासङ र एकाइहरूमा जीएसटी समन्वयमा वास्तविक प्रगति गर्न माग गरेको छ, । जीएसटी पोर्टलको थालनीसहित कर प्रणालीलाई सहज बनाउन दर समन्वय" तिर अघि बढाउन माग गरेको छ।

सहरी अचल सम्पत्तिको विषयमा बैङ्कले मुद्रास्फीति, बिमा मूल्याङ्कनजस्ता आधारमा वार्षिक अद्यावधिक गर्न तथा भाडा दरहरू बराबर गर्न मूल्याङ्कन तालिकाहरू लागू गर्न माग गरेको छ। कृषि आयकरका लागि बैङ्कले सरकारलाई भूमिको परिभाषा व्यवस्थित बनाउन, जमिनको आकारका आधारमा छुटमा पुनर्विचार गर्न र बाली क्षेत्रफल वा उत्पादन अनुमानको आधारमा साझा न्यूनतम दर निर्धारण गर्न आग्रह गरेको छ। साथै, सरकारले प्रति हेक्टर न्यूनतम दरहरू छुट्याउन सिँचाइ र निर्मित भवनहरू पनि समावेश गर्नुपर्ने जनाएको छ।

# ‘जनचेतनाका कार्यक्रम स्थानीय तहसम्म लैजान सकिएन’

काठमाडौं, २६ चैत (रासस)। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सचिव डा रोशन पोखरेलले जनचेतनाका कार्यक्रम स्थानीय तहसम्म लैजान नसकिएको बताउनुभएको छ।

विश्व स्वास्थ्य दिवसका अवसरमा आइतबार यहाँ आयोजित कार्यक्रममा सचिव डा पोखरेलले भन्नुभयो, “हामीले गरिरहेका स्वास्थ्य कार्यक्रमबारे जनतालाई जानकारी गराउन सकेका छैनौं। आधारभूत सेवाबारे जनतालाई जानकारी गराउने अबको लक्ष्य छ।”

विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) का नेपाल प्रतिनिधि डा राजेश सामभाजीराव पाण्डवले सुरुमै स्वास्थ्यप्रति सचेत रही जीवनशैली अपनाउनसके भविष्यमा स्वस्थ भइने बताउनुभयो। नेपालले स्वास्थ्य सेवा मौलिक अधिकारका रूपमा राखे पनि सोअनुसार काम हुन नसकेको उहाँले बताउनुभयो।

कार्यक्रममा स्वास्थ्य सेवा विभागकी महानिर्देशक डा सङ्गीता कौशल मिश्राले स्वास्थ्य सेवामा समतामूलक पहुँच कसरी बढाउने भन्ने नीतिअनुरुसार काम गर्नुपर्ने बताउनुभयो। नीति, योजना तथा अनुगमन महाशाखाका प्रमुख डा कृष्णप्रसाद पौडेलले निःशुल्क आधारभूत स्वास्थ्य सेवा सबैलाई दिन नसकिएको धारणा व्यक्त गर्नुभयो।

उहाँले भन्नुभयो, “आधारभूत अस्पताल निर्माण सोचेअनुसार विस्तार हुन सकेको छैन। गुणस्तरीय स्वास्थ्य सेवामा सर्वव्यापी पहुँचमा नेपालको कभरेज ५४ प्रतिशत छ, जुन ८० प्रतिशत पुग्नुपर्ने हो।” उहाँले स्वास्थ्य बीमाको प्रभावकारी कार्यान्वयन, नसर्ने रोग, मानसिक रोगलगायतका विषयमा काम गर्नुपर्ने बताउनुभयो।

# कोशी प्रदेशमा २३ लाख नागरिक स्वास्थ्य बीमा कार्यक्रममा आबद्ध

मोरङ, २६ चैत (रासस)। सरकारले नागरिकको स्वास्थ्य उपचारका लागि ल्याएको स्वास्थ्य बीमा कार्यक्रम विश्वमा सबैभन्दा न्यून रकममा स्वास्थ्य सेवा भएको सहभागीहरूले बताउनुभएको छ।

स्वास्थ्य बीमा बोर्ड कोशी प्रदेशद्वारा ‘स्वास्थ्य सेवामा सर्वव्यापी पहुँचका लागि स्वास्थ्य बीमा’ आठौं स्वास्थ्य बीमा वार्षिकोत्सवको उपलक्ष्यमा आइतबार यहाँ आयोजित कार्यक्रममा सहभागी वक्ताहरूले स्वास्थ्य सेवा संस्थाले सहज र सरल रूपमा सेवा प्रवाह गर्नुपर्ने तथा बीमितले अनावश्यक स्वास्थ्य परीक्षण गरी सेवाको दुरुपयोग गर्न नहुने धारणा राख्नुभयो।

उहाँहरूले राज्यले धेरै ठूलो अपेक्षा राखी सुरु गरेको यस कार्यक्रमलाई हामी सबैले सफल गरी संरक्षण गर्नुपर्ने बताउनुभयो। कार्यक्रममा डा शङ्करप्रसाद अधिकारीले स्वास्थ्य बीमा कार्यक्रमले न्यूनतम रकममा अधिकतम स्वास्थ्य उपचार सेवा प्राप्त हुने भएकाले सम्पूर्ण नागरिकले बीमा गर्न आग्रह गर्नुभयो।

बोर्डका प्रदेश संयोजक अर्जुन पण्डितले बोर्डले मुलुकभरि गत वर्ष १६ अर्ब र चालु वर्षको आठ महिनाको अवधिमा चारपटक गरी रु आठ अर्ब सेवा प्रदायक स्वास्थ्य सेवा संस्थालाई भुक्तानी गरेको जानकारी दिनुभयो।

कार्यक्रममा स्वास्थ्य बीमा कार्यक्रम लागू गर्ने विभिन्न स्वास्थ्य संस्थाका प्रमुख एवं प्रतिनिधिहरूको सहभागिता रहेको थियो।

सोही अवसरमा विराटनगर-३ का उत्कृष्ट बीमा दर्ता सहयोगी विमला खनाललाई सम्मान गरिएको थियो। प्रदेशमा कूल बीमित परिवार सङ्ख्या चार लाख ४४ हजार नौ सय ११, कूल बीमित जनसङ्ख्या २३ लाख नौ हजार आठ सय ५५ जना (४७ प्रतिशत), सेवा लिनेको बीमितको सङ्ख्या ११ लाख तीन हजार चार सय ३४ जना (४८ प्रतिशत) र नवीकरण गर्ने बीमितको सङ्ख्या ७७ दशमलव २९ प्रतिशत रहेको बोर्डद्वारा उपलब्ध तथ्याङ्कमा उल्लेख गरिएको छ।

प्रदेश बोर्डअन्तर्गत सरकारी ८०, सामुदायिक चार र निजी २२ गरी एक सय ६ सेवा प्रदायक स्वास्थ्य संस्था आबद्ध रहेका छन्। हालसम्म नेपालमा ७७ लाख ४१ हजार चार सय ५३ जना (२२ दशमलव ५४ प्रतिशत) नागरिक स्वास्थ्य बीमा कार्यक्रममा आबद्ध रहेका छन्।

बोर्डले लक्षित वर्गबाहेक स्वास्थ्य बीमा सेवाको दुरुपयोग रोक्नका लागि सेवा प्रदान गर्ने स्वास्थ्य संस्थामा जम्मा रकमको १० प्रतिशत भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ।

# दश बंगलादेशीलाई अध्यागमनमा बुझाइयो

काठमाडौं, २६ चैत (रासस)। भिसा सकिएर नेपालमा अवैधरुपमा बसिरहेका १० जना बङ्गलादेशी नागरिकलाई प्रहरीले पक्राउ गरी आइतबार अध्यागमन विभागमा बुझाएको छ।

विभिन्न मितिमा नेपाल प्रवेश गरी भिसा सकिए पनि गैरकानुनीरूपले बसोबास गर्नुका साथै शङ्कास्पद गतिविधिमा संलग्न रहेको सूचनाका आधारमा खोजतलास गर्दा १० जना बङ्गलादेशी नागरिक पक्राउ परेका थिए।

काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रहरी उपरीक्षक रविन्द्र रेग्मीका अनुसार प्रहरीको विशेष टोलीले काठमाडौंको सोह्रखुट्टे तथा ठमेल क्षेत्रबाट गैरकानुनी तवरले बसिरहेका उनीहरुलाई नियन्त्रणमा लिएको थियो।

पक्राउपर्नेमा मोहम्मद अनिशुर रहमान, मोहम्मद अब्दुल्ला, मोहम्मद इमाउल हसन, मोहम्मद हाफिज रहमान, सजिब हसन, सैफुल इस्लाम, मोहम्मद विलल हसन, मोहम्मद सलिम, मोहम्मद नासिर उद्दीन र मोहम्मद एसिन खान रहेका छन्।

एसपी रेग्मीले पक्राउ परेका उनीहरुलाई आवश्यक अनुसन्धान तथा कारबाहीका लागि सोमबार अध्यागमन विभाग, कालिकास्थान पठाइएको बताउनुभयो। यसअघि पनि यसैगरी शङ्कास्पद गतिविधि गरिरहेको पाइएपछि प्रहरीले पाँच जना बङ्गलादेशी नागरिकलाई पक्राउ गरी अध्यागमनलाई बुझाइएको थियो।

पछिल्लो समयमा बङ्गलादेशी नागरिकलाई युरोप पठाउने भन्दै नेपालमा ल्याएर बन्धक बनाउने तथा अवैधरुपमा नेपाल बस्ने घटना देखिन थालेकाले निगरानी बढाइएको प्रहरीले जनाएको छ।

# कृषि तथा पशुपालन क्षेत्रमा उन्नत प्रविधिको प्रयोगले प्रदेश तथा देशलाई समृद्ध बनाउन सकिन्छ : गृह तथा सञ्चार मन्त्री लेखी

**दैनिक समाचारदाता**

**जनकपुरधाम, २६ चैत।** मधेश प्रदेशका गृह, सञ्चार तथा कानूनमन्त्री राजकुमार लेखीले कृषि तथा पशुपालन क्षेत्रमा आएको उन्नत प्रविधिको प्रयोग गरेर प्रदेश तथा देशलाई समृद्ध बनाउन सकिने बताएका छन्।

कोशी प्रदेशको मोरङ्ग जिल्लाको कटहरी गाउँपालिकाबाट कृषि अवलोकन भ्रमणका लागि भारतबाट फर्किएका प्रतिनिधि मण्डलसंग सोमबार मन्त्रालयमा भेटघाट गर्दै मन्त्री लेखीले सो कुरा बताएका हुन्।

उनले कृषि अवलोकन भ्रमणबाट सिकेका नयाँ कुराहरु एक अर्कामा साटासाट गर्दा प्रदेशसहित देश भरिका किसानलाई नै फाईदा पुग्ने बताउँदै उनले अन्तर प्रदेश



भ्रमणले समेत आन्तरिक पर्यटन प्रवर्द्धनका साथै सकारात्मक सिकाईका अनुभव साटासाट हुने र यसले दुवै ठाउँको विकासमा मद्दत समेत पुग्ने बताए।

उक्त टोलीसँग गृह, सञ्चार तथा कानुन मन्त्री लेखीले चाडै कोशी प्रदेशमा भ्रमण गर्ने बताउदै कोशी प्रदेशमा भएका राम्रा अभ्यासहरु मधेश प्रदेशमा ल्याएर यस ठाउँको विकास गर्न चाहेको बताए। मन्त्री लेखीले शिक्षा, पर्यटन तथा कृषि समृद्धिको आधार भएकाले मधेश प्रदेशले यी तीनै विषयलाई उच्च प्राथमिकतामा राखेको जानकारी समेत दिए।

भेटका क्रममा कोशी प्रदेशको कटहरी गाउँपालिकाका अध्यक्ष देवराज चौधरीले आफूहरुले भारतसहित नेपालका विभिन्न भागहरुमा कृषि क्षेत्रमा भएको सकारात्म अभ्यासहरुको बारेमा अबलोन भ्रमण गरेर आफ्नो पालिकामा लागु गर्ने गरेको मन्त्री लेखीलाई जानकारी गराएका थिए।

कटहरी गाउँपालिका वडा नं ७ मा देशकै नमूना गाई फारम सञ्चालन गर्नु भएका गिरीराज वस्नेतले नेपालमा नै पहिलो पटक अटोमेटिक तरिकाले गाइ दुहिने तथा चारा हाल्ने प्रविधि जडान गरेर १ सय ५० उन्नत गाईको पालन गर्दै आएको मन्त्री लेखीलाई जानकारी गराए। उनले १५ विघा क्षेत्रफलमा करिव २५ करोडको लागतमा निर्माण भएको सो गाई फारमले बाच्छी नै जन्मिने किसिमको सिमेन ल्याएर नश्लको सुधार गर्दै आएको र दैनिक रुपमा १ हजार ६ सय लिटर दुध उत्पादन गर्ने गरेको जानकारी मन्त्री लेखीलाई गराए। टोलीमा रहेका प्रतिनिधीहरुलाई मन्त्री लेखीले दोसल्ला ओढाएर सम्मान गरेका थिए।

# सातै प्रदेशमा सेवा विस्तार गर्ने योजनामा क्यान्सर अस्पताल

चितवन, २६ चैत (रासस)। यहाँको बिपी कोइराला मेमोरियल क्यान्सर अस्पतालले सातै प्रदेशमा सेवा विस्तार गर्ने जनाएको छ। अस्पतालले सात प्रदेशमा क्यान्सर रोकथाम र नियन्त्रण तालिम, स्क्रिनिङ तथा बहिरङग सेवा विस्तार गर्ने योजना बनाएको हो।

अस्पतालका कार्यकारी निर्देशक डा शिवजी पौडेलले अस्पतालमा आउने बिरामीको चाप कम गर्न र बिरामीलाई उच्चस्तरको सेवा प्रदान गर्नका लागि सेवा विस्तार गर्न लागेको जानकारी दिनुभयो।

उहाँले भन्नुभयो, “अस्पतालको शल्यक्रिया सेवामा स्तरोन्नति गरी थप प्रविधिमैत्री बनाइ सेवा प्रदान गर्ने योजनामा हामी लागेका छौं।” उपप्रधानमन्त्री एवं स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री उपेन्द्र यादवको अस्पताल निरीक्षणका क्रममा अस्पतालका भावी योजनाबारे जानकारी गराइएको उहाँले बताउनुभयो।

त्यसैगरी अस्पतालको प्याथोलोजी सेवामा मोलिक्यूलर प्रयोगशाला पूर्णरुपमा सञ्चालन गरिने, रेडियसन सेवामा थप अत्याधुनिक मेसिन जडान गरिने उहाँले जानकारी दिनुभयो। न्यूक्लियर मेडिसिनतर्फ राष्ट्रिय गौरवको रुपमा रहेको साइक्लोट्रोनसहितको पेट सिटीस्क्यान सेवा स्थापना गरी उक्त सेवाका लागि विदेश जानुपर्ने बाध्यताको अन्त्य गर्नेतर्फ अस्पताल लागेको उहाँको भनाइ छ।

उहाँले थप्नुभयो, “हामीले अस्पताललाई क्यान्सर उपचारमा सबै सेवायुक्त बनाउने योजनामा लागेका छौं। रक्त क्यान्सरको उपचारमा महत्वपूर्ण मानिने बोनम्यारो प्रत्यारोपण सेवाको स्थापना गर्नका लागि चिनियाँ सरकारको अनुदानमा काम अघि बढेको छ।” अस्पतालबाटै दक्षजनशक्ति उत्पादन गर्नका लागि शैक्षिक प्रतिष्ठानको रुपमा विकास गर्ने प्रक्रियामा रहेको पनि उहाँको भनाइ छ। यहाँ उपचारका लागि छिमेकी देशबाटसमेत बिरामी आउने गरेका छन्।


# सर्टिफिकेट हराएको सूचना

जिल्ला सप्तरी छिन्नमस्ता गाउँपालिका वडा नं. ६ खुदीबखारी बस्ने प्रतिभा कुमारी मण्डलको CTEVT Registration No. S.N.-01804-020 भएको Academic Transcript २०८० चैत ७ गते राजविराजबाट छिन्नमस्तातर्फ जाने क्रममा हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी चौकी वा तल उल्लेखित मोबाइल नम्बरमा सम्पर्क गरि बुझाइदिनु हुन हार्दिक अनुरोध छ।

**आग्रहकर्ता : प्रतिभा कुमारी मण्डल**
**मोबाइल नं. ९८१६७०८५०१**


# हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिं आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

**अनुरोधकर्ता**
**महादेवा गाउँपालिका, सप्तरी**

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*